स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

पत्र संख्या :-

च. नं :-

मिति : २०८२।०४।०६

सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी मनोनयन फाराम भर्नेसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०४।०६

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार प्रदेश तथा स्थानीय तहमा कार्यरत आठौं, सातौं र छैटौं तहका अधिकृतस्तरका कर्मचारीहरू; र सङ्घमा कार्यरत राजपत्र अनंकित प्रथम तथा द्वितीय श्रेणीका कर्मचारीहरू एवम् प्रदेश तथा स्थानीय तहमा कार्यरत पाँचौं तथा चौथो तहका कर्मचारीहरूको क्षमता विकासका लागि **"३२ कार्य दिनको सेवाकालीन प्रशिक्षण"** सञ्चालन गर्न गइरहेकोले उक्त प्रशिक्षणमा सहभागी हुन इच्छुक स्थायी कर्मचारीहरूले **प्रतिष्ठानको वेबसाइट www.ldta.gov.np** मा रहेको **अनलाइन मनोनयन फाराम** भरी सोसँग निम्न कागजातहरू अनिवार्य रूपमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले **१० (दश) दिनभित्र** online मार्फत फाराम *submit* गर्नुहुन अनुरोध छ

१. हाल बहाल रहेको पदमा **नियुक्ति/बढुवा भएको पत्रको छायाँप्रति**
२. **समायोजनसम्बन्धी अन्तिम निर्णयपत्रको छायाँप्रति** (स्तर वृद्धि भई समायोजन भएको भएमा)
३. प्रशिक्षार्थीको विस्तृत विवरण (प्रशिक्षार्थीको नाम, बहाल रहेको पद/श्रेणी/तह, बढुवा/समायोजन/नियुक्ति मिति) खुलेको **कार्यालय प्रमुखको सिफारिस पत्र।**

क्र. स.	सहभागीको किसिम	प्रशिक्षणको नाम	प्रशिक्षण समूह र सङ्ख्या
१.	प्रदेश तथा स्थानीय तहमा कार्यरत आठौं तहका अधिकृतस्तरका कर्मचारीहरू	नेतृत्व विकास तथा सुशासन प्रवर्द्धन	२ समूह (६० जना)
२.	प्रदेश तथा स्थानीय तहमा कार्यरत सातौं तहका अधिकृतस्तरका कर्मचारीहरू	नेतृत्व विकास तथा सुशासन प्रवर्द्धन	२ समूह (६० जना)
३.	प्रदेश तथा स्थानीय तहमा कार्यरत छैटौं तहका अधिकृतस्तरका कर्मचारीहरू	विकास व्यवस्थापन तथा व्यावसायिकता प्रवर्द्धन	३ समूह (९० जना)
४.	सङ्घमा कार्यरत रा.प.अनं. प्रथम तथा प्रदेश तथा स्थानीय तहका पाँचौं तहका कर्मचारीहरू	कार्यालय सञ्चालन तथा व्यवस्थापन	८ समूह (२४० जना)
५.	सङ्घमा कार्यरत रा.प.अनं. द्वितीय श्रेणी तथा प्रदेश र स्थानीय तहमा कार्यरत चौथो तहका कर्मचारीहरू	कार्यालय सञ्चालन तथा व्यवस्थापन	८ समूह (२४० जना)

पुनश्चः

१. मनोनयन फाराम भर्ने अन्तिम दिनसम्म हाल बहाल रहेको पदमा कम्तीमा १ वर्ष सेवा अवधि पूरा भएको हुनु पर्नेछ।
२. छनौट भएका कर्मचारीहरूको अन्तिम नामावली, प्रशिक्षण सञ्चालन हुने मिति र समय मनोनयन फाराम भर्ने म्याद समाप्त भएको मितिले ५ दिनभित्र प्रकाशन गरिने छ।
३. जेष्ठताको आधारमा सहभागी छनौट गरी प्रतिष्ठानको वेभसाइट **www.ldta.gov.np** मा प्रकाशन गरिने छ।
४. अनलाइन फाराम भर्ने अन्तिम मिति २०८२।०४।१६ गते राती १२ बजेसम्म रहेको छ।
५. मनोनयन फाराम **Submit** गरी पठाउँदा प्राप्त हुने **Conformation Number** सुरक्षित राख्नुपर्ने छ।
६. सेवाकालीन प्रशिक्षण कार्यक्रम स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरमा सञ्चालन हुने छ।
७. प्रशिक्षणमा छनौट भएका कर्मचारीहरूको दैनिक भत्ता, यातायात र आवास खर्च सम्बन्धित कार्यालयबाट व्यवस्था गर्नुपर्ने छ।
८. अनलाइन फाराम भर्नका लागि तल दिइएको लिङ्कमा **QR** गर्न सक्नु हुनेछ।

कानुन लाल चौधरी
कार्यकारी निर्देशक

सम्पर्कका लागि : बुद्धि प्रसाद घिमिरे – ९८५१२२२४८०, रामहरि खत्री - ९८४९४०६२७६

जावलाखेल, ललितपुर,नेपाल +९७७ ०१ ५४२१०२१, ५४२२००४ फ्याक्स ++९७७ ०१ ५४२१५५२१ ldta.org.np@gmail.com

पोष्ट वक्स नं ११९८० Post box no.11980

Jawalakhel,Lalitpur,NEPAL + 977 (1) 5421021, 5422004 Fax +977 (1) 5421521 Web: www.ldta.gov.np